जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३७ २०८२ साल भदौ १४ गते शनिबार (30 Aug 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : महिलाको छविमा सकारात्मक... ३ पृष्ठमा : मधेस प्रदेशसभाको बैठक.. ३ पृष्ठमा : मङ्गल ग्रहका भीत्रि ...

## डेढ हजार भन्दा बढीले पाए जग्गाका लागि निस्सा



**दैनिक समाचारदाता राजविराज, १३ भदौ ।**

डेढ हजार भन्दा बढी भुमिहीन, दलित, सुकुम्वासी तथा अव्यवस्थित वसोवासीले जग्गाका लागी निस्सा प्राप्त गरेका छन ।

शुक्रवार नगरपालिकाले आयोजना गरेको कार्यक्रममा राजविराज नगरपालिका क्षेत्रका १ हजार ६ सय ८९ जनाले जग्गाको निस्सा प्राप्त गरेका हुन ।

आयोजित कार्यक्रममा ६ सय ३६ दलित, ५ सय ८ भुमिहीन तथा ५ सय ४५ जना अव्यवस्थित वासोवासीलाई निवदेन दर्ता गरी जग्गा नाप नक्शाको निस्सा वितरण गरिएको नगरपालिकाका भुमिहीन सेवा केन्द्र फाँटका प्रमुख सुरेश यादवले जानकारी दिए ।

कार्यवाहक नगरप्रमुख इसरत परवीनको अध्यक्षतामा आयोजित कार्यक्रममा भुमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश झाले अब केही दिन भित्रै आयोगले आवश्यक प्रक्रिया अघि बढाउने र छुट भएकाहरुलाई समेत थप ३५ दिन म्याद दिई सो भित्र आ-आफ्नो बडा कार्यालयमा निवेदन दर्ता गर्न आह्वान गरिएको जानकारी दिए ।

कार्यक्रममा आयोगका जिल्ला सदस्य अनवर अली, प्रमुख प्रशासकिय अधिकृत हरिकिशोर राजवंशी, वडाअध्यक्ष तथा वडा सचिवहरुको समेत उपस्थिती रहेको थियो । भुमिहीनलाई जग्गा

*बाँकी तीन पृष्ठमा*

## पालिकाहरुमा शिक्षकहरुद्वारा धर्ना



**दैनिक समाचारदाता राजविराज, १३ भदौ ।**

विगतमा नेपाल शिक्षक महासंघसँग सरकारले गरेको सहमतिको पूर्ण कार्यान्वयनको माग गर्दै शिक्षकहरु शुक्रबार राजविराज नगरपालिकासहित जिल्लाको सबै १८ वटै पालिकामा धर्नामा बसेका हुन् ।

शिक्षक आन्दोलन परिचालन समितिको अगुवाईमा बसेको धर्नामा शिक्षकहरुको उल्लेख्नीय सहभागिता देखिएको छ । धर्नामा बसेका नेपाल राहत शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष एवं आन्दोलन परिचालन समितिका सदस्य गंगाप्रसाद यादवले नेपाल शिक्षक महासंघको नेतृत्वमा विगतमा भएको आन्दोलनका क्रममा सरकारले पटक पटक सहमति गरेपनी त्यसको पूर्णपालना नगरेकोले बाध्य भई पुनः आन्दोलनमा जानु परेको बताए ।

गुणस्तरिय विद्यालय शिक्षाका आवश्यकता, चुनौती तथा आम शिक्षक कर्मचारीको अपेक्षाप्रति सरकार गम्भिर नभएका कारण हामी पुनः आन्दोलित भएको उनले बताए ।

भदौ १५ गते जिल्लाभरका शिक्षक सदरमुकाम राजविराजमा भेला भई शिक्षा विकास तथा समन्वय इकाईमा धर्ना बस्नेत कार्यक्रम तय भएको उनको भनाई छ ।

शिक्षकहरु आन्दोलनमा उत्रेपछी सरकारी विद्यालयको पठनपाठन समेत प्रभावित बन्न पुगेको विद्यार्थीहरुले बताएका छन् ।

## प्रयोगात्मक परिक्षाको अंक समावेश नगरिएको भन्दै विद्यार्थीहरुले गरे क्याम्पसमा तालाबन्दी

**दैनिक समाचारदाता राजविराज, १३ भदौ ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका विद्यार्थीहरुले शुक्रबार क्याम्पसमा तालाबन्दी गरि धर्नामा बसेका छन् ।

परिक्षाको नतिजामा प्रयोगात्मक परिक्षाको अंक समावेश नगरिएको भन्दै विद्यार्थीहरुले क्याम्पसमा तालाबन्दी गर्दै धर्नामा बसेका हुन् ।

अघिल्लो दिन सार्वजनिक भएको बीएड चौथो वर्षको

*बाँकी तीन पृष्ठमा*




## मधेशमा असोज २ र ३ मा "सुशासन सम्मेलन २०८२" हुने

**दैनिक समाचारदाता जनकपुर, १३ भदौ ।**

पारदर्शिता, जवाफदेहिता, समृद्दी र सम्मुन्नत मधेश निर्माणका लागि मधेश प्रदेश सरकार गृहमन्त्रालयले "सुशासन सम्मेलन २०८२" गर्ने भएको छ ।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले शुक्रबार एक विज्ञप्ति जारि गर्दै उक्त कुराको जानकारी गराएका हुन् ।

सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालय र नेपाल बौद्दिक प्रतिष्ठानको सहकार्यमा २०८२ आश्वीन २ र ३ गते हुने उक्त सम्मेलन हुने जनाएका छन् ।

मधेश प्रदेशमा सुशासनलाई सुदृढ बनाउन नवीन बिचार, अनुसन्धान र ब्यबहारीक समाधानका बिषयहरुमा छलफल तथा बिचार बिमर्श, सुशासनका पाच प्रमुख बिषय बस्तुहरु सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता, नागरिक सहभागिता र संग्लगनता, प्रभावकारी



सार्वजनिक सेवा प्रवाह र कानुनि शासन र न्यायिक स्वतन्त्रतामा सोधपत्र प्रस्तुत गर्न अनुसन्धानकर्ता, प्राज्ञिक ब्यक्तित्व, नीति निर्माता तथा सरोकारवालाहरुलाई मन्त्रालयले विज्ञप्ति मार्फत आह्वान समेत गरेको छ ।

२०८२ भाद्र १४ गतेसम्म अनुसन्धानकर्ताहरुले बढीमा तीन सय शब्द सम्मको शोधपत्र intellectualnepal137@gmail.com र kunwarvishnumr@gmail.com मा पठाउनु पर्ने विज्ञप्तिमा उल्लेख छ । स्वीकृत शोधपत्रका लागि सोधकर्तालाई भाद्र १८ गतेसम्म मन्त्रालयले जानकारी गराउने जारि प्रेस बिज्ञप्तिमा उल्लेख छ ।

**विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु ।**

- विश्वसनीय वेवसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं.
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं.
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं.
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं.
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं.
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं.
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं.
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं.
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिलाको छविमा सकारात्मक परिवर्तनमा मिडिया

**विमला तुम्खेवा**

काठमाडौँ, १३ भदौ (रासस)।

नेपाली राजनीतिमा महिलाको उपस्थिति र योगदानलाई इतिहासका प्रत्येक कालखण्डमा फर्केर हेर्दा अर्थपूर्ण बलिदान र सहभागिता स्पष्ट देखिन्छ। तर दुर्भाग्यवश, राज्य र समाजले कहिल्यै पनि महिलाको योगदानलाई न्यायोचित र उचित ढङ्गले मूल्याङ्कन गर्न सकेको छैन। विसं २००७ देखि २०४६ को जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन हुँदै माओवादी जनयुद्धसम्म महिलाले गरेको सङ्घर्ष र पुऱ्याएको योगदान अनि देखाएको साहस नेपाली समाजमा मात्र नभएर दक्षिण एशियामै उदाहरणका रूपमा लिने गरिन्छ।

नेपाली राजनीतिक इतिहासका हरेक निर्णायक क्षणमा महिलाको भूमिका अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ। तर उनको योगदानलाई राज्यले वा समाजले न्यायोचित मूल्याङ्कन भने गर्न सकेको छैन। विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा महिलाले गोप्य बैठक सञ्चालन गरेकोदेखि प्रचारप्रसार, राजनीतिक सामग्री वितरणसम्म महत्वपूर्ण भूमिका खेलेका थिए। मङ्गलादेवी सिंह, शैलजा आचार्यजस्ता नेत्रीहरूले जेल सजाय भोग्दै प्रजातन्त्र ल्याउन योगदान गरे।

विसं २०४६ को जनआन्दोलनमा महिलाको सहभागिता निर्णायक रह्यो। विद्यार्थी, गृहिणी, कर्मचारी सबैले सडकमा उत्रिएर बहुदलीय व्यवस्था स्थापनामा हातेमालो गरेका थिए। यस क्रममा कैयौँ महिलाले गिरफ्तार र यातना सहनुपरेको थियो। दश वर्षे माओवादी जनयुद्ध (२०५२-२०६२ साल) मा झण्डै ३०-४० प्रतिशतसम्म महिला प्रत्यक्ष रूपमा सहभागी भए। गाउँघरका साधारण युवतीदेखि शिक्षित महिला नेत्रीसम्मले बन्दुक बोकेर युद्ध मैदानमा उत्रिनु उनीहरूको योगदानलाई अझ विशेष बनाउँछ। तर त्यही युद्धमा हजारौँ महिला आन्तरिक रूपमा विस्थापित, विधवा र हिंसापीडित पनि भए।

दोस्रो जनआन्दोलन २०६२/६३ मा महिलाले अग्रपङ्क्तिमा उभिएर राजतन्त्र अन्त्य र गणतन्त्रको बाटो खुलाउन निर्णायक दबाब सिर्जना गरे। सडक प्रदर्शन, मानव सञ्जाल र पत्रकारितामा महिलाले देखाएको सक्रियता परिवर्तनलाई सफल बनाउन टेवा पुऱ्यायो। यसरी प्रजातन्त्रदेखि गणतन्त्रसम्मको यात्रामा महिलाको सहभागिता र बलिदान अपरिहार्य रहेको छ। तर यी योगदानलाई इतिहासमा उचित स्थान दिन नसकिएको तथ्यले अब पनि हाम्रो समाज र सञ्चारलाई गम्भीर प्रश्न गर्छ। महिलाले पुऱ्याएको योगदानलाई वास्तविक मूल्याङ्कन गर्नु आजको आवश्यकता हो।

राणा शासनविरुद्धको आन्दोलनमा पुरुषसँगै महिलाले आन्दोलन गरेका थिए। साहना प्रधान, मङ्गलादेवी सिंह यसका जीवन्त इतिहास हुन्। विसं २००७, २०३६ को जनमत सङ्ग्रह नेपालको सबै परिवर्तनको आन्दोलनमा महिला पुरुषसँगै सडकमा उत्रिएर जनतामा चेतना जगाउनेदेखि २०४६ सालको जनआन्दोलनमा विद्यार्थी, शिक्षक, कर्मचारीसँगै साधारण गृहिणीसमेत सडकमा आएको दृश्य अहिले पनि आँखैमा ताजा छन्। हरेक आन्दोलनका क्रममा धेरै महिलाले गिरफ्तार र यातना सहनुपरेको छ। दश वर्षे जनयुद्ध २०५२-२०६२ माओवादी जनयुद्धमा करिब ३०-४० प्रतिशतसम्म महिला सहभागिता रहेको तथ्याङ्कले भन्छ। हजारौँ महिलाले बन्दुक बोके, नेतृत्व तहमा भूमिका खेले, युद्धको सङ्ग्राममा सँगै लड्नेदेखि वैचारिक बहसमा उल्लेख्य भूमिका खेले।

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा महिला अग्रपङ्क्तिमा थिए। महिलाको योगदान र सङ्घर्ष सडक आन्दोलन, भूमिगत सङ्घर्ष, सङ्गठन निर्माण, प्रचारप्रसार, राजनीतिक नेतृत्व सबै तहमा समान छ तर के यी योगदान र इतिहासलाई हाम्रो सञ्चारमाध्यमले उचित रूपमा सम्मानजनक स्थान दिन सकेको छ त? अब यी विषयमा गहिरिएर पुनःविचार छलफल गर्दै अब २०८४ सालमा हुन गइरहेको निर्वाचनमा कसरी बढीभन्दा बढी महिलालाई समेट्न सकिन्छ भन्नेतर्फ सञ्चारमाध्यम सचेत हुन जरुरी छ।

बन्दुक बोकेर १० वर्षे जनयुद्ध ताका काखमा दूधे बच्चा लिएर हिँडेका महिला होस् अथवा सिंहदरबारअघि माइतीघर मण्डलामा उभिएर न्याय मागिरहेकी महिला अथवा संविधान लेखन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष भूमिका खेलेका ती तमाम महिलाको भूमिका अविस्मरणीय छ। यी सबै नेपालले प्राप्त गरेका महत्वपूर्ण उपलब्धिहरू हुन्। हिजोको दिनमा महिला आफूमाथि भइरहेको अन्यायको विरोधमा एकै शब्द बोल्न सक्दैनथे तर आज अवस्था अर्कै छ। जो विश्वसामु यो देशले भन्न सक्छ मैले महिलालाई राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखलगायत राज्यका उच्च स्थानमा पुऱ्याउन सफल भएको छ। यो महिलाको सरोकारको मुद्दामा देशले हासिल गरेको सफलता हो।

यति हुँदाहुँदै पनि प्रश्न उठ्छ, माथि उल्लेखित सफल नामहरूको पछि आउन चाहने अन्य नामलाई नेपाली सञ्चारमाध्यमले अ-बको दिनमा कस्तो ढङ्गले उठान गर्ने? यसरी हेर्दा महिलाको विषयमा सञ्चारमाध्यम अझै संवेदनशील हुन जरुरी छ। त्यसो त लोकतन्त्रमा जनताले आफ्नो मत राख्नु पाउनु अनिवार्य सौन्दर्य हो। तर कुरा जब महिलाको आत्मसम्मान, हक र मानसिक स्वास्थको आउँछ, अझै नेपाली समाज संयम हुन जरुरी छ।

वर्तमान समय सञ्चारमाध्यम र सामाजिक सञ्जालको प्रभावबाट सबैभन्दा बढी महिला पीडामा छन्। उनीहरूको मानसिक स्वास्थ्यका विषयमा नेपाली मिडियामा गम्भीर रुपले चर्चा भएकै छैन। राजनीतिमा क्रियाशील महिला यी सबै अवस्थाबाट गुज्रिन बाध्य छन्। व्यक्तिको चरित्रसँग गाँसिएर आएका समाचारका कारण राजनीतिक नेतृत्व, सामाजिक जीवनमा असर, मानसिक स्वास्थ्यमा असर समान अवसर गुम्नेजस्ता समस्या हुने गर्दछन्। अझै पनि महिलाका विषयमा केन्द्रित समाचार प्रमुख समाचार हुँदैनन्। आइहाले पनि महिलाको चरित्रसँग गाँसिएका समाचारलाई बढी प्राथमिकतामा राखिन्छ। गलत सूचना र पूर्वाग्रही प्रस्तुतीकरणकै कारण महिलाको छवि कमजोर बनाइएको अवस्था कैयौँ छ। उदाहरणका लागि, पहिलो संविधानसभा चुनावपछि महिलाको सक्रिय उपस्थितिलाई 'चुरा बेच्दाबेच्दै सांसद' भन्ने जस्ता समाचार शीर्षकले हल्का तुल्याइयो। यसले महिलाको राजनीतिक छविलाई मात्र नभई आमसमाजमा उनीहरूप्रतिको दृष्टिकोणमा परिवर्तन गर्न महिलाले ठूलो प्रतिस्पर्धा गर्नुपऱ्यो र आजसम्म परिरहेको छ।

नेपालको संविधान २०७२ सालले ३३ प्रतिशत महिला सहभागिताको प्रावधान गरेको भए पनि प्रत्यक्ष चुनावमा महिलाको सङ्ख्या न्यून नै छ। पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ केबल नौ जना मात्र महिला निर्वाचित भए भने अधिकांश समानुपातिक सूचीबाट आए। यसले के कुरालाई देखाउँछ भने दलहरूले सङ्ख्यात्मक प्रावधान मात्र पूरा गर्न महिलालाई उम्मेदवार बनाएको हो कि झैँ लाग्छ। विसं २०८४ मा हुने जाँदै गरेको निर्वाचनमा सबै दलले महिलालाई समान हैसियत, प्रतिस्पर्धी क्षेत्रमा उम्मेदवार बनाउने अवस्था सिर्जना हुनका लागि सञ्चारमाध्यमले अहिलेबाटै समान र सकारात्मक भूमिका खेल्न जरुरी छ।

आगामी २०८४ को निर्वाचन केबल दल वा उम्मेदवारबीचको प्रतिस्पर्धा मात्र होइन, सूचना र गलत सूचनाबीचको प्रतिस्पर्धा पनि हुनेछ। सामाजिक सञ्जालमार्फत महिलामाथि हुने चरित्र हत्या, अपमानजनक टिप्पणी र झुठो प्रचार अझ बढ्ने सङ्केत देखिन्छ। यसको रोकथामको निम्ति पनि सक्रिय व्यक्ति दल सङ्घसंस्था नागरिक समाज सबै सरोकार निकाय सचेत हुन जरुरी छ। महिलालाई उमेदवार बनाउँदा केबल कोटा भर्ने सोचबाट होइन, हिजोको दिनमा गणतन्त्रका निम्ति आआफ्नो तहबाट पुऱ्याएको योगदानका आधारमा योग्य नेत्रीलाई अगाडि ल्याउन सबै राजनीतिक पार्टीहरूको सकारात्मक भूमिका हुन जरुरी छ।

महिलाको विकासका निम्ति सही उपाय भनेकै तथ्यमा रहेर सही सूचना प्रवाह गर्नु हो। गलत सूचनाबाट उत्पन्न हुने मानसिक र सामाजिक हिंसाप्रति सजग हुनुपर्छ। विसं २०८४ को निर्वाचन केबल मतको प्रतिस्पर्धा होइन, सत्य र असत्यबीचको सङ्घर्ष पनि हो। यस सङ्घर्षमा सञ्चार गृह, दल, नागरिक समाज र हरेक नागरिक जिम्मेवार बन्न जरुरी छ।

## समानुपातिक समावेशी निर्वाचन प्रणालीका पक्षमा जनमत सिर्जना गर्नुपर्ने : सञ्चारमन्त्री

काठमाडौँ, १३ भदौ (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणालीमा जनमत सिर्जना गर्नुपर्ने बेला आएको बताउनुभएको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा शुक्रबार यहाँ आयोजित पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै मन्त्री गुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणाली हटाइयो भने संविधानको मूल मर्म नै मर्ने हुँदा यसका पक्षमा जनमत सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङका अनुसार पछिल्लो समय समावेशी र समानुतापतिक प्रणालीलाई नेताहरूले नै कमजोर बनाउन लागेकाले त्यसको बचाउ गर्न सम्बद्ध पक्ष एक हुनुपर्ने बताउनुभयो। "कतिपय नेताहरूकै बुझाइमा राजनीतिक स्थायित्व नहुनुमा समावेशी प्रणाली बाधक हो भन्ने छ", उहाँले भन्नुभयो, "जुन तर्कसङ्गत छैन। स्थिर सरकारको बाधक समावेशी पक्ष होइन, बरु नेताहरूको कार्यशैलीमा सुधार ल्याउन आवश्यक छ।"

लामो समयसम्म गरिएको सङ्घर्ष र त्यागपछि मुलुककमा सङ्घीय शासन प्रणाली कायम भएको उल्लेख गर्दै सरकार निर्माणका क्रममा अझै पनि समावेशी प्रणाली लागू हुन नसकेको उहाँले बताउनुभयो। आदिवासी जनजातिको 'मुभमेन्ट' सामाजिक र सांस्कृतिक क्षेत्रमा मात्रै केन्द्रित भएको बताउँदै उहाँले अब राजनीतिक र आर्थिक गतिविधिलाई पनि जोड दिनुपर्ने धारणा राख्नुभयो। मन्त्री गुरुङले सङ्घीयता आएपछि सीमान्तकृत समुदायले के-कस्ता उपलब्धि हासिल गरे भन्ने विषयमा तथ्यतथ्याङ्कसहित अध्ययन गर्न सुझाव दिनुभयो।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले आदिवासी जनजातिका विषयमा राज्य संवेदनशील नभएको गुनासो गर्दै आदिवासी, जनजातिको हकअधिकार सुरक्षित एवं सुनिश्चित गर्न आवश्यक अध्ययन, अनुसन्धान, छलफल, पैरवी गरी अझ प्रभावकारी र सुदृढ संस्थाका विकास गर्न सक्दो प्रयास भइरहेको जानकारी दिनुभयो।

आदिवासी जनजाति विषयसँग सम्बन्धित विभिन्न पुस्तक सार्वजनिक गरिएको सो कार्यक्रममा प्राडा कृष्ण हाछेंथु, प्राडा योगेन्द्र गुरुङलगायतले आदिवासी जनजातिको अवस्था र पहिचानबारे विश्लेषणात्मक विचार राख्नुभएको थियो।

## हैजा रोकथाम गर्न सुरक्षा निकायका चिकित्सक र उपकरण परिचालन गरिनेछ : प्रधानमन्त्री

काठमाडौँ, १३ भदौ (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले पर्साको वीरगञ्जमा महामारी भएको (हैजा रोगको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा नेपाली सेनासहित चारवटै सुरक्षा निकायका चिकित्सक र उपकरणको परिचालन तथा प्रयोग गरिने बताउनुभएको छ।

प्रतिनिधिसभाको बैठकलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले शुक्रबारको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेकाले वीरगञ्जमा आउटब्रेक भएको हैजा नियन्त्रणमा आउने विश्वास व्यक्त गर्नुभयो। उहाँले महामारीबाट तीन जनाको निधन भएकामा दुःख व्यक्त गर्दै नियन्त्रणका लागि सरकारकोतर्फबाट सक्दो पहल भएको तथा यस रोगको स्रोत क॰ हो भन्नेबारे खोजी भइरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले हैजाका बिरामीको उपचार गर्न तथा सचेतनाका प्रबन्धहरू गरिएको उल्लेख गर्दै नारायणी अस्पतालमा निःशुल्क उपचार गरिनुका साथै निजी अस्पतालमा समेत उपचार गरिएको सदनलाई जानकारी दिनुभयो।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८२/०८३
च.न. १६०

मिती :– २०८२।०४।२३

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने गंगा राम यादव ले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८२।०४।२२ गते मा द.न.१२० को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पां.२ हाल १ बस्ने बुलन्ती देवी यादवका नाउँमा दर्ता कायम रहेको जग्गा हरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| सप्तरी | चनौरा पडरीया | ५ | ५३० | ०-१-१७ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.



डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशसभाको बैठक दोस्रो दिन पनि स्थगित

जनकपुरधाम, १३ भदौ (रासस)।

प्रमुख प्रतिपक्षी दलको विरोधका कारण मधेस प्रदेशसभाको शुक्रबार दोस्रो दिनको बैठक पनि सुरु भएको केही समयमै स्थगित गरिएको छ।

शुक्रबार दिउँसो बैठक सुरु हुनासाथ प्रतिपक्षी दलका सदस्यहरूले विरोध जनाउनुभएको थियो। त्यसपछि सभामुख रामचन्द्र मण्डलले नेकपा (माओवादी केन्द्र) का जवाहरलाल कुशवाहालाई बोल्ने समय दिनुभयो। कुशवाहाले अर्थमन्त्रीले त्रुटिपूर्ण बजेट ल्याएको र बहुमतले पास गरिएको भन्दै अर्थमन्त्री सुनीलप्रसाद साहको राजीनामा माग गर्नुभयो। उहाँले अर्थमन्त्रीको राजीनामा नआएसम्म सदनमा अवरोध जारी रहने बताउनुभयो।

लगत्तै नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले प्रतिपक्षीको भनाइको प्रतिवाद गर्नुभयो। सर्वदलीय बैठकमा नआउने र सदनमा अवरुद्ध जारी राख्ने कार्य गलत भएको उहाँको भनाइ थियो।

त्यसपछि सभामुख मण्डलले प्रदेशसभा बैठक अर्को सूचना नहुञ्जेलसम्मका लागि स्थगित भएको घोषणा गर्नुभयो।

प्रतिपक्षी दलहरूले दुई दिनदेखि सभामुखले बोलाएको सर्वदलीय बैठकसमेत बहिष्कार गर्दै आएका छन्।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्यहरूले बैठक अवरुद्ध गर्दै आएका हुन्।

# नगरपालिका र गाउँपालिकामा निमित्त प्रमुख शून्य

काठमाडौं, १३ भदौ (रासस)।

स्थानीय तह पुनःसंरचनापश्चात् पहिलोपटक देशभरका नगरपालिका तथा गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको सङ्ख्या शून्यमा झारिएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार यसअघि १०५ नगरपालिका र ८६ गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृतले सञ्चालन गरेका थिए।

सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेका अनुसार सम्पूर्ण स्थानीय तहमा दरबन्दीअनुरुप प्रमुख प्रशासकीय अधिकृत खटाइएकाले पूर्ण जिम्मेवारीसहितको प्रशासनिक नेतृत्व सुनिश्चित भएको छ।

निजामती सेवा ऐन, २०४९ अनुसार अवकाशको चरणमा रहेका कर्मचारीबाहेक, मन्त्रालयले पारदर्शिता, कार्यकुशलता र भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी प्रमुख प्रशासकीय अधिकृत नियुक्त गरिएको छ।

दुई वर्षभन्दा बढी मन्त्रालय वा मातहतका निकायमा काम गरेका, उपत्यका केन्द्रित कार्यालयमा सीमित, स्थानीय तहमा काम नगरेका, प्रदेशमा कामकाजका लागि खटिएका तथा अतिरिक्त समूहमा रहेका कर्मचारीलाई प्राथमिकतामा राखिएको छ।

पहिलोपटक गाउँपालिका तथा नगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था शून्यमा झार्नुका साथै बाह्य राजनीतिक दबाब वा स्थानीय तहको मनपरि अन्त्य गरी मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृत अनिवार्य रूपमा सम्बन्धित स्थानीय तहमा काम गर्ने वातावरण सिर्जना भएको छ।

मन्त्रालयले दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत खटाएको हुँदा यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको आर्थिक वा प्रशासनिक जिम्मेवारी स्वतः रद्द भएको छ। साथै कर्मचारी सरुवामा हुने बाह्य प्रभाव अन्त्य भएको छभने चक्रिय सरुवा प्रणाली कार्यान्वयन सहज भएको छ। सुगम स्थानमा मात्र सेवा गर्ने प्रवृत्ति पनि रोकिने मन्त्री

*बाँकी अन्तिम पृष्ठमा*

***प्रयोगात्मक परिक्षाको ...***

नतिजामा सबै १ सय ३० विद्यार्थीलाई प्रयोगात्मक परिक्षामा अनुपस्थित भएको उल्लेख भएपछी विद्यार्थीहरु आक्रोसित बनेका छन्।

शिक्षा शास्त्र संकायका प्रमुख रामअशिष यादव र परिक्षा शाखाका प्रमुख चन्देश्वर यादवको लापरवाही र स्वार्थका कारण नतिजा प्रकाशनमा त्रृटी भएको विद्यार्थीहरुले आरोप लगाएका छन्।

स्ववियु सभापति रन्जित कुमार यादवले त्रृटी सुधार गरी नतिजामा प्रयोगात्मक अंक समावेश नगरिएसम्म तालाबन्दी र धर्ना जारि रहने बताए।

क्याम्पस प्रमुख शुशिलचन्द्र लाल कर्णले समस्या समाधानका लागि आफूले पहल गरिरहेको बताएका छन्।

***डेढ हजार ...***

पाउन राष्ट्रिय भूमि आयोगले तोकेको ढाँचामा निवेदन तथा विवरण संकलन गरी एनएएलसिआइएसमा पुर्ण प्रविष्ट भएकाहरुलाई पहिलो चरणमा निस्सा वितरण सुरु गरिएको नगरपालिकाले जनाएको छ।

# चालकहरुका लागि इनड्राइभ नेपालले ल्यायो दशैं तिहारका लागि "प्लेटिनम ड्राइभर्स गिभअवे" क्याम्पेन

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ भदौ।**

विश्वव्यापी मोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म इनड्राइभले नेपालमा दशैं तिहारका लागि "प्लेटिनम ड्राइभर्स गिभअवे" क्याम्पेन सुरुवात गरेको छ।

अघिल्लो संस्करणबाट उल्लेखनीय सफलता र उत्साहजनक प्रतिक्रिया पछि, यस पटक अभियानलाई अझ बढी परिस्कृत बनाउने वाचा गर्दै प्लेटिनम ड्राइभर्स गिभअवे शुरुवात गरेको हो।

इनड्राइभले आफ्ना ड्राइभर पार्टनर्सको कडा परिश्रम र समर्पणलाई विशेष रुपमा सम्मान र पहिचान गर्न यो क्याम्पेन ल्याएको हो। जसमा ग्राण्ड प्राइजमा ब्रान्ड न्यू टाटा एक्सप्रेस ईभी कार, टिभीएस रेइडर मोटरसाइकल र प्रिमियमहाई-इण्ड ग्याजेटहरू रहेका छन्।




प्लेटिनम ड्राइभर्स गिभअवे दुई रोमाञ्चक चरणहरुमा आयोजना हुँदैछ। भाद्र ९ देखि १५ सम्म प्रतिच्यालेन्ज, भाद्र १६ गतेदेखि असोज ५ सम्म च्यालेन्जश्रीविक्स जुन चालकहरूले यी समय अवधिमा प्लेटिनम स्ट्याटस कायम गर्छन तिनिहरु विक्लीप्राइजका लागि योग्य हुनेछन्। जो चालकहरुले सबै चरणहरुमा प्लेटिनम स्ट्याटस कायम गर्छन तिनिहरु ग्राण्ड प्राइजका लागि योग्य हुनेछन्। ड्राइभर्सले जतिधैरै राइड पुरा गर्नेछन् त्यतिनै धैरै पुरस्कार जित्ने सम्भावना बढ्नेछ।

पुरस्कार स्वरुप टाटा एक्सप्रेस-टी इभी (क्याब ड्राइभर ग्रान्ड प्राइज), टीभीएस रेइडर मोटरसाइकल (बाइक राइडर ग्रान्ड प्राइज), स्मार्टफोनहरु, स्मार्टवाचहरु, र इयरबड्स साप्ताहिक बिजेताहरुका लागि राखिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कायार्लय सप्तरी**
राजविराज

प.सं. २०८२/०८३
च.नं. १०८९

मिति: २०८२/०५/१३

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

११ नं. को रैती चतुर नारायण चौधरीको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. बनौली वडा नं. २ हाल परिवर्तित खडक न.पा. वडा नं. ११ वस्ने कृष्ण चन्द्र चौधरी र बाल मुकुन्द चौधरी समेत २-जनाको यस कार्यालयमा द.नं. ६५१ मिति २०८२/०४/१२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०५/१३ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४०६ | बनौली | ७क | ९८ | १-४-० | चतुर नारायण चौधरी | यो जग्गा प. बनौली वडा नं. १ बस्ने राम लगन चौधरीको नम्बरी हो भनि कैफियत महलमा उल्लेख रहेको |

श्री भुपेन्द्र राई
(प्रमुख मालपोत अधिकृत)

# विश्व समाचार

## मङ्गल ग्रहका भीत्री भागमा पुरानो चट्टानी टुक्राहरू अझै सुरक्षित : नासा

लस एन्जलस, १३ भदौ (रासस/सिन्ह्वा)।

मङ्गल ग्रहका म्यान्टल (भीत्री तह) मा आज पनि चार किलोमिटरसम्म फैलिएका ठूला-ठूला ढुङ्गाका टुक्राहरू रहेको पाइएको छ, जसले ग्रहको प्रारम्भिक अवस्थाबारे महत्वपूर्ण जानकारी दिएको छ। यो खोज हालै प्रकाशित वैज्ञानिक अध्ययनबाट सार्वजनिक गरिएको हो।

अनुसन्धानमा उल्लेख भएअनुसार वर्षौंअघि मङ्गलमा भएका विशाल आकाशीय आघातहरूका कारण ग्रहको सतह र भीत्री भाग पग्लिएर म्याग्माको ठूलो सागर बनेका थिए। सो समयमा मंगलकै चट्टानी भागहरू गहिरो भीत्रसम्म पुरिएका थिए र ती अझैसम्म पनि म्यान्टलमा विच्छिएको अवस्थामा भेटिएका छन्।

नासाको 'इन्साइट नामक यान'ले सन् २०१८ मा मङ्गलको सतहमा पहिलोपटक भूकम्प मापन यन्त्र राखेर अनुसन्धान सुरु गरेको थियो। सन् २०२२ सम्मको अवधिमा इन्साइटले एक हजार ३१९ वटा 'मङ्गल-भूकम्प' मापन गऱ्यो, जसका आधारमा वैज्ञानिकहरूले ग्रहको गहिराइमा रहेका संरचनाहरूको विश्लेषण गर्न सकेको हो।

अनुसन्धानका प्रमुख वैज्ञानिक कन्स्टान्टिनोस कराताम्बोसका अनुसार,"हामीले अहिलेसम्म कुनै पनि ग्रहको भीत्री भागलाई यति सूक्ष्म रूपमा अवलोकन गरेका थिएनौं। मङ्गलको म्यान्टलमा प्राचीन कालका ढुङ्गाका टुक्राहरू अझै पनि सुरक्षित रहनु ग्रहको ढिलो विकास भएको प्रमाण हो। पृथ्वीमा यस्ता संरचनाहरू समयसँगै हराइसकेका हुन सक्छन्।"

वैज्ञानिकहरूका अनुसार, यस्ता खोजहरूले न केवल मङ्गलको इतिहास बुझ्न सहयोग गर्छ, तर अरू ग्रहहरूको बनावट तथा विकासक्रमबारे पनि नयाँ ज्ञान दिन सक्छ।

## 'कार्बन बजारलाई आर्थिक र वातावरणीय अवसर बनाउनुपर्ने'

जाकार्ता, १३ भदौ (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको वातावरण मन्त्रालयले देशको कार्बन विनिमय प्रणालीमा निजी क्षेत्र र सरकारी संस्थाहरूलाई सहकार्य र व्यापक सहभागिताका लागि अनुरोध गरेको छ।

वातावरण मन्त्रालयका जैव विविधता तथा सामाजिक-सांस्कृतिक स्रोत संरक्षण सम्बन्धी विशेषज्ञ नोयर आदि वार्दोजोले भन्नुभयो, "इन्डोनेसियाका लागि यी उपकरणहरू केवल आर्थिक लाभमात्र होइन, वातावरण संरक्षणका दृष्टिले पनि अतिनै महत्वपूर्ण अवसरहरू हुन्।"

सेप्टेम्बर २०२३ मा सुरु गरिएको 'आइडीएक्स कार्बन' विनिमय प्लेटफर्मले नवीकरणीय ऊर्जा उत्पादक कम्पनीहरूलाई कार्बन क्रेडिट बिक्री गर्ने र उच्च उत्सर्जन गर्ने उद्योगहरू जस्तै कोइला उद्योगसँग कारोबार गर्ने सहज व्यवस्था प्रदान गरेको छ।

मन्त्रालयका अनुसार, यस वर्षको अगस्ट २२ सम्म आइडीएक्स कार्बनमार्फत कुल ७८.३७ अर्ब रुपिया (करिब ४.७८ मिलियन अमेरिकी डलर) बराबरको लेनदेन भएको छ।

## इरानमाथि युरोपेली प्रतिबन्ध रुसद्वारा अस्वीकार

मस्को, १३ भदौ (रासस/एएफपी)।

सन् २०१५ को आणविक सम्झौताको पालनामा तेहरान असफल भएपछि बेलायत, फ्रान्स र जर्मनीले प्रतिबन्धहरू पुनः लागु गर्ने प्रयास थालेपछि रुसले शुक्रबार यसले 'अपूरणीय परिणामहरू' निम्त्याउन सक्ने चेतावनी दिएको छ।

"अपूरणीय परिणाम र थप त्रासदी निम्त्याउनुअघि आफ्ना गलत निर्णयहरूमा पुनर्विचार गर्न हामी दृढतापूर्वक आग्रह गर्दछौं", रुसको विदेश मन्त्रालयले विज्ञप्तिमा भनेको छ।

रुसले तीन युरोपेली देशमाथि इरानको आणविक कार्यक्रमलाई लिएर जारी गतिरोधको शान्तिपूर्ण समाधान खोज्ने कूटनीतिक प्रयासलाई कमजोर पारेको आरोप लगाएको छ• ।

रुस संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सदस्य र सन् २०१५ को संयुक्त व्यापक कार्य योजना (जेसिपिओए) को पक्ष हो। जेसिपिओएले इरानलाई प्रतिबन्धहरू हटाउने बदला प्रतिबन्ध निलम्बन गरेको थियो।

एएफपीले देखेको पत्रअनुसार, फ्रान्स, बेलायत र जर्मनीले संयुक्त राष्ट्र सुरक्षा परिषदलाई उनीहरूले सम्झौताअन्तर्गत इरानले आफ्ना प्रतिबद्धताहरूको उल्लेखनीय गैर-प्रदर्शनमा रहेको विश्वास गरेको सूचित गरेका छन्।

इरानले यस कदमलाई 'उचित प्रतिक्रिया' भनेको छ, तर रुसले यसले इरानी आणविक सङ्कटको शान्तिपूर्ण समाधानमा जोखिम ल्याउने चेतावनी दिएको छ।

तेहरान र मस्कोले विगत एक दशकदेखि राजनीतिक, सैन्य र आर्थिक सम्बन्ध बलियो बनाउँदै आएका छन् र विशेषगरी रुसले युक्रेनमा आक्रमण गरेपछि दुई देशबीचको सम्बन्ध अझ नजिक भएको छ।

# भूमि विधेयक बिरुद्ध जसपा नेपालको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

भूमि विधेयक खारेजीको माग गर्दै जनता समाजवादी पार्टी (नेपाल) ले शुक्रबार पनि सप्तरीमा प्रदर्शन गरेको छ ।

जसपा नेपाल सप्तरीको अगुवाईमा तिलाठी कोइलाडी गाउँपालिकाको तोपा बजारमा यसरी बिरोध प्रदर्शन गरिएको हो ।

भूमि विधेयक किसान र भूमीहीनको हित विपरित तथा मधेश बिरोधी समेत रहेको जसपा नेपालका जिल्ला अध्यक्ष केदार यादवको भनाई छ । यसले भूमिहिनलाई अधिकार दिनुको साटो ठूलावडा र दुई ठूला पार्टीका नेताहरुलाई मात्र फाइदा पुर्‍याउने उनले दाबी समेत गरे ।

प्रदर्शनका क्रममा भूमिविधेयक खारेजीको मागका साथै प्रधानमन्त्री ओली बिरुद्ध चर्को नाराबाजी गरिएको थियो । प्रदर्शनपछी आयोजित बिरोध सभाका सहभागि वक्ताहरुले भूमिविधेयक खारेज नभएसम्म आन्दोलन जारि रहने उद्‌घोष गरेका थिए ।

भूमिविधेयकको बिरोधमा जसपा नेपाल सप्तरीले यस अघि जिल्लाको भारदह, पत्थरगाढा, बोदेबरसाइन बजारमा समेत बृहत बिरोध प्रदर्शन र सभाको आयोजना गरिसकेको छ ।

# रामका परिवारलाई गाउँपालिकको तर्फबाट राहत उपलब्ध



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका सप्तरीको रुपनी गाउापालिका वडा नं. २ का दिपककुमार रामका परिवारले गाउँपालिकाको तर्फबाट राहत उपलब्ध गराइएको छ ।

रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव मृतकको घर पुगेर परिवारजनलाई राहतस्वरुप खाद्यान्न सामग्री उपलब्ध गराएका हुन् ।

अध्यक्ष यादवले तत्काल खाद्य सहायता उपलब्ध गराइएको र आगामी दिनमा पनि गाउँपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले बालबालिकाको शिक्षादिक्षामा समेत गाउँपालिकाले सहयोग गर्ने आश्वासन दिए ।

परिवारका एकमात्र कमाउने दीपकको मृत्यु भएपछि श्रीमती रेणुकुमारी राम र ७ वर्षीय छोरा विप्लव तथा २ वर्षीया छोरी रिषिका बिचल्ली भएको छ ।

मृतक राम बैदेशिक रोजगारीका लागि करिब एक दशकदेखि मलेसियास्थित प्लास्टिक फ्याक्ट्रीमा कार्यरत थिए । गत शुक्रबार अचानक बिरामी भई अस्पताल भर्ना गरिएका रामको सोमवार निधन भएको थियो ।

मृत्युको कारणबारे स्पष्ट कुनै जानकारी नआएकोले घटनाको यथार्थ कारण र शव छिटो नेपाल ल्याइदिन रामका श्रीमती रेणुले सरकारसँग आग्रह गरिन ।

# विवाह सम्बनधी कानुनका लागि महिला आयोगले सरोकारवालासँग लियो सुझाव

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

मधेशी आयोगले विवाह सम्बन्धी कानुन र विवाहको उमेर हद कायम सम्बन्धमा सरोकारवाला सँग आवश्यक सुझाव संकलन गरेको छ ।

विवाह सम्बन्धी उक्त प्रचलित कानुन संशोधन गर्ने विषयमा सरकारी तथा जनस्तरबाट व्यापक चर्चा, परिचर्चा र बहस चलिरहेका बेला आयोगले आफ्नो पक्ष राख्न र समाजमा सन्तुलन कायम राख्न यस्तो सुझाव संकलन कार्य थालेको आयोगकी सदस्य आभासेतु सिंहले बताइन् ।

शुक्रबार प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको अध्यक्षता तथा आयोगकी सदस्य सिंहको प्रमुख आतिथ्यमा मधेशी आयोगद्वारा आयोजित उक्त कार्यक्रममा अधिकांश सहभागि वक्ताले विवाहकै विषयलाई लिएर हाल समाजमा भइरहेका विभिन्न हिंसाका घटनालाई मध्य नजर गरि विवाह सम्बन्धी कानुनमा संशोधनको आवश्यकता औंल्याए ।

उनीहरुले हाल कानुनमा विवाहको उमेर २० वर्ष कायम रहेकोमा त्यसलाई संशोधन गरि १८ वर्ष उमेर हद कायम गर्नु पर्नेमा समेत जोड दिएका छन् । प्रचलित कानुन र यसले पारेको सकारात्मक र नकारात्मक प्रभाव, सामाजिक परम्परा, जनसंख्याको बनौट, शारिरीक र मानसिक विकासको अवस्था, व्यवहारिक, शैक्षिक र चेतनाको अवस्था, अन्तराष्ट्रिय अभ्यास लगायतका विषयमा गहन अध्ययन र विश्लेषण हुनु पर्ने जिकिर सहित सहभागि वक्ताहरुले आ-आफ्नो सुझाव राखेका थिए ।

कार्यक्रममा उच्च अदालत जनकपुर-राजविराज इजलाशका रजिष्टार लोकनाथ पराजुली, वरख गणका प्रमुख सेनानी शोबित बहादुर चन्द, प्रहरी उपरिक्षक गौतम कुमार केसी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र नेपाल, जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण, राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद राजवंशी, राजगढ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज झाका साथै विभिन्न पालिका र संघसंस्थाका प्रतिनिधिहरु समेतले आ-आफ्नो सुझाव दिएका थिए ।

कार्यक्रममा प्राप्त राय सुझाव संकलन गरि आवश्यक कार्याथ आयोग मार्फत सरकारलाई बुझाइने तथा यसले भावी दिनमा विवाह सम्बन्धी कानुन संशोधनमा सरकारलाई सहज हुने विश्वास गरिएको आयोगकी सदस्य सिंहले बताइन् ।

# खानेपानी तथा महामारी समस्या समाधानका लागि पहल गर्न प्रधानमन्त्रीलाई आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गरेका छन् ।

सो क्रममा अध्यक्ष ठाकुरले मधेश प्रदेशमा खानेपानी, नुहाउनेपानीको समस्या र बिरगंजमा फैलिएको महामारीमा तीन जनाले ज्यान गुमाइसकेकोले ती समस्याहरुको ठोस रुपमा समाधानका लागि अनुरोध गरेका छन् ।

पार्टीका महासचिव बिनोद कुमार सिंहद्वारा शुक्रबार जारि विज्ञप्तिमा विरगंजमा थप महामारी हुन नदिन प्याकेजमा व्यवस्थ ागर्न समेत अनुरोध गरिएको उल्लेख छ ।

त्यस्तै सिंहद्वारा शुक्रबारै जारि अर्को विज्ञप्तिमा पार्टी अध्यक्ष ठाकुर, वरिष्ठ उपाध्यक्ष जितेन्द्र प्रसाद सोनार, उपाध्यक्ष एवं मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीसमेतले संघीय सरकारका गृहमन्त्री रमेश लेखकलाई भेटवार्ता गरिएको जनाइएको छ ।

सो क्रममा मधेश आन्दोलनमा मुछिएका अभिराज शर्मा लगायत पार्टीका अन्य नेताहरुमाथी लगाइएको झुठा मुद्दाहरु सम्बन्धमा गम्भिर वार्ता गर्दै समाधानका लागि छिटो भन्दा छिटो पहल गर्न दवाव दिएको विज्ञप्तिमा उल्लेख छ ।

# सिरहामा भन्सार छलीका कपडासहित भारतीय स्कारपियो बरामद

**दैनिक समाचारदाता**
**सिरहा, १३ भदौ ।**

सिरहाको लहान नगरपालिका १९ स्थित छारापट्टि चोकमा भन्सार छली गरिएको सामानसहित एक भारतीय स्कारपियो गाडी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

बिहीबार साँझ करिब ८:०० बजे सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेसक्याम्प लहानबाट सशस्त्र प्रहरी नायब उपरीक्षक विजयकुमार चौधरीको कमाण्डमा खटिएको मोबाइल टोलीले ठाडी-लहान भित्री सडकखण्डमा सवारी जाँच गर्ने क्रममा बिआर०१ पिबी ४६४२ नम्बरको सेतो रङ्गको भारतीय स्कारपियो गाडीलाई रोक्न खोज्दा उक्त गाडी तीव्रगतिमा भागेको सशस्त्र प्रहरीले जनाएको छ ।

पछ्याउँदै जाँदा सो गाडी लहान-१९ को कटाहा चोक नजिकैको सडक किनारमा बेवारिसे अवस्थामा फेलापरेको हो । चालक भने फरार छन् । गाडी जाँच गर्दा रु सात लाख चार हजार ८५० मूल्यबराबरका विभिन्न लत्ताकपडा फेला परेको छ ।

स्कारपियोको मूल्य करिब रु १५ लाख रहेको बताइएको छ । बरामद गाडी र कपडा भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अगाडि बढाइएको सशस्त्र प्रहरी बल नम्बर ७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले जानकारी दिए ।

***नगरपालिका र ...***

न्यौपानेको विश्वास छ ।

दुर्गम क्षेत्रमा सेवाको पहुँच विस्तार, प्रशासनिक न्यायको अनुभूति, सेवा प्रवाहको गति र कार्यकुशलतामा वृद्धि, सुशासन प्रवर्द्धन, जनप्रतिनिधिबाट प्रमुख प्रशासकीय अधिकृतभन्दा व्यक्तिविशेष रोज्ने प्रवृत्ति अन्त्य हुने उहाँ बताउनुहुन्छ ।

सहसचिव प्रमुख प्रशासकीय अधिकृत हुनेमध्ये नौ वटा उपमहानगरपालिका र एउटा महानगरपालिकामा चाँडै दरबन्दीअनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाउने तयारी भइरहेको मन्त्री न्यौपानेले बताउनुभयो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*